बैठक नं. १३ २०६८।०९।२८

आज मिति २०६८ साल पौष २८ गते मंगलवारका दिन खाँदवारी नगरपालिकाका प्रमुख श्री मुरारी प्रसाद खतिवडाज्यू को अध्यक्षतामा नगर कार्यपालिकाको तेह्रौं बैठक बसी निम्नानुसार प्रस्तावहरु माथी छलफल गरि सर्वसम्मत निर्णय गरियो।

-उपस्थिति-

१. श्री मुरारी प्रसाद खतिवडा. प्रमुख, नगर कार्यपालिका
२. श्री डेगेश्वरी श्रेष्ठ. उप-प्रमुख " — "
३. श्री निरञ्जन श्रेष्ठ. वडा अध्यक्ष १, सदस्य " — " अनुपस्थित
४. श्री ज्ञान बहादुर श्रेष्ठ वडा अध्यक्ष, वडा नं. २ " — "
५. श्री तोयानाथ ढुंगाना " — " ३ " — "
६. श्री साजित राई " — " ४ " — "
७. श्री बम बहादुर घले " — " ५ " — " अनुपस्थित
८. श्री दयानिधि कराल " — " ६ " — "
९. श्री मौसम आले मगर " — " ७ " — "
१०. श्री डम्बर बहादुर कडुवाल " — " ८ " — "
११. श्री टिकाराम कुमाल " — " ९ " — "
१२. श्री केशव राजसिंह थापा " — " १० " — "
१३. श्री नगेन्द्र के. गुरुङ " — " ११ " — "
१४. श्री कुडवाड. नाममा नगर कार्यपालिका सदस्य -१
१५. श्री बाल कुमारी खड्का " — " २
१६. श्री सुनीता कडुवाल. कार्की " — " ३
१७. श्री इन्द्रमाया बरायली " — " ३
१८. श्री गोपीमाया घिमिरे " — " ५
१९. श्री लक्ष्मी राई खुवर " — " ८
२०. श्री चन्द्रकला तामाङ " — " १०
२१. श्री पदमलाल सार्की " — " १०
२२. श्री श्याम निरौला के.वी. वडा अध्यक्ष वडा नं. ५
२३. श्री कवन कुमार निरौला, सचिव, प्र. प्रशासकीय अधिकृत
गणेश श्रेष्ठ. ना.सु. बैठक निर्णय लेखक.

**निर्णय नं १**

खाँदवारी नगरपालिका वडा नं ३ स्थित ढुंगाना गाउ गुवावारी पुलामी गाउ मरुवा मोटर वाटो निर्माणको लागी रु ४९,०००/ उनान्चास हजार मात्र सडक मर्मत सभार कोष मार्फत खर्च लेख्ने गरि विनियोजन गर्ने सर्व सम्मत निर्णय गरियो । साथै खाँदवारी नगरपालिका वडा नं ७ स्थित लविङ हिल वाट सुमन चौक सम्मको सडक मर्मत संभार कार्यका लागी रु २०,००० विस हजार मात्र सडक मर्मत सम्भार कोष मार्फत खर्च गर्ने गरि विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

खाँदवारी नगरपालिकाको ११ वटै वडाहरुमा संचालनमा रहेको व्यक्तीगत घटना दर्ताको अन लाइन दर्ताका लागी संचालनमा रहेको सफ्टवेर संचालन कार्यमा समेत सहयोग गर्दै आएका कर्मचारी श्री रोषण निरौला र साविक सित्तलपाटी गा.वि.स हाल खाँदवारी नगरपालिका वडा नं १० मा सामाजिक परिचलक पदमा कार्यरत श्री धननारायण राईको करार नामा समाप्त भएको र वडा नं १० मा कर्मचारीहरुको समेत अभाव भएको कारण आवश्यक रुपमा वडा कार्यालय संचालनमा सहयोग गर्नका लागी खाँदवारी नगरपालिका कार्यालयमा श्री रोषण निरौला र हाल खाँदवारी नगरपालिका वडा नं १० मा रहेको वडा कार्यालयमा रहेर कामकाज गर्ने गरि अर्को व्यवस्था नभए सम्मको लागी मिति **२०७४ पौष १८ गते देखि** निजहरुलाई दैनिक रु ५०० (पाँच सय मात्र) उपलब्ध गराउने गरि ज्यालादारीमा नियुक्ती दिई कामकाज लगाउने निर्णय गरियो ।

**निर्णय नं ३**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २ को खण्ड ज मा आधारभुत र माध्यमिक शिक्षा सम्वन्धि समिति गठन गर्ने व्यवस्था भए अनुसार नगरस्तरिय शिक्षा समिति देहाय अनुसार गठन गर्ने सर्व सम्मत गरियो ।

१, श्री मुरारी प्रसाद खतिवडा, प्रमुख, खाँदवारी नगरपालिका अध्यक्ष

**विद्यायल व्यवस्थापन समितिको तर्फवाट**

२, श्री जितवहादुर घिमिरे, (माध्यमिक विद्यालयको तर्फवाट) सदस्य

३,श्री पुण्यप्रसाद भट्टराई, (खाधारभुत विद्यालयको तर्फवाट) सदस्य

४, श्री भीमवहादुर दर्जी (प्रधानाध्यापकहरुको तर्फवाट (आधारभुत) सदस्य

५, श्री कुवेर प्रसाद भेटुवाल(प्रधानाध्यापकहरुको तर्फवाट (माध्यमिक) सदस्य

६, श्री मेदीनी घिमिरे, (सरकारी, प्राविधिक विद्यालयको तर्फवाट) सदस्य

७, श्री जयन्द्र शाक्य, (निजि विद्यालयका तर्फवाट) सदस्य

८, श्री सुभद्रा वज्राचार्य (शिक्षा प्रेमी) सदस्य

९, श्री चित्ररेखा अधिकारी (शिक्षा प्रेमी) सदस्य

१०, श्री वेदकुमारी चापागाँइ(शिक्षा प्रेमी) सदस्य

११, श्री गणेश निरौला (शिक्षा प्रेमी) सदस्य

१२, श्री रामकुमार चर्मकार(शिक्षा प्रेमी) सदस्य

१३, श्री शेर वहादुर पुरी(शिक्षा प्रेमी) सदस्य

१४, श्री चोलानाथ ढुंगाना(शिक्षा प्रेमी) सदस्य

१५ श्री इश्वर घिमिरे (खाँदवारी अगुवा स्रोत केन्द्र) सदस्य

१६, श्री दिपकमणि घिमिरे, खाँदवारी नगरपालिका, अधिकृत, शिक्षा शाखा सदस्य सचिव

**निर्णय नं ४**

स्थानिय सरकार संचालन ऐन २०७४ को दफा २ को खण्ड ज मा आधारभुत र माध्यमिक शिक्षा सम्वन्धि समिति गठन गर्ने व्यवस्था भए अनुसार नगरपालिका कार्यसम्पादन हुँदा दफा १०२ लाई समेत मध्यनजर खाँदवारी नगरपालिका भित्र आधारभुत कक्षा उर्तीण परिक्षा कक्षाको परिक्षा संचालन गर्न यसै शैक्षीक सत्र देखि उक्त परिक्षा संचालन गर्ने निर्णय गरियो । साथै सो परिक्षालाई मर्यादित विश्वसनिय वनाउनको लागी एक कार्यविधि एवं मस्यौदा समिति निर्माण गरि कार्यान्वयन गर्ने सर्वसम्मत निर्णय गरियो ।

**तपसिल**

१, श्री दिपकमणि घिमिरे, अधिकृत, शिक्षा शाखा खाँदवारी नगरपालिका, संयोजक

२, श्री इश्वर घिमिरे स्रोत व्यक्ती, खाँदवारी अगुवा स्रोत केन्द, सदस्य

३, श्री शेर वहादुर परी शिक्षक श्री महेन्द्र मा.वि मानेभन्ज्यांग, सदस्य

४, श्री गणेश निरौला शिक्षाप्रेमी, सदस्य

५, श्री चित्ररेखा अधिकारी शिक्षाप्रेमी, सदस्य

**निर्णय नं ५**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा ११ को उपदफा ४ "क" को १ देखि ५ सम्म भएको व्यवश्था अनुरुप खेलकुदका क्रियाकलापहरुलाई सहयोग गर्न तपसिल बमोजिमको १३ सदस्यीय नगर खेलकुद विकास समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१, श्री लेखनाथ बुढाथोकी - मदन भण्डारी स्पोर्ट्स एकेडेमी - संयोजक

२, श्री देवेन्द्र घिमिरे - तुम्लिङ्गटार स्पोर्टिङ्ग क्लव - सदस्य

३, श्री मिलन राई - अरुण उपत्यका क्लव - सदस्य

४, श्री सन्तोष राई - एडभान्स क्लव मानेभञ्ज्याङ्ग - सदस्य

५, श्री उद्धव दाहाल - अरुण उपत्यका युवा क्लव - सदस्य

६, श्री सुजन श्रेष्ठ - खाँदवारी युवा क्लव - सदस्य

७, श्री मदन तामाङ्ग - वडा नं ५ - सदस्य

८, श्री नरेन्द्र मगर - वडा नं ६ - सदस्य

९ श्री भोलामान राई - वडा नं ११ - सदस्य

१०, श्री जेविन राई - वडा नं ४ - सदस्य

११, श्री शारदा निरौला - वडा नं ५ - सदस्य

१२ श्री, उमा श्रेष्ठ - वडा नं ७ - सदस्य

१३, श्री वर्षा कुलुङ - वडा नं. १० - सदस्य

**निर्णय नं ६**

स्थानीय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ को दफा १४ मा व्यवश्था भए अनुरुप नगर कार्यपालिकालाई आवश्यक पर्ने विभिन्न किसिमका सरसल्लाहका लागि तपसिल वमोजिमको नगर सल्लाहकार समिति गठन गर्ने निर्णय गरियो ।

तपसिल

१, श्री डेडराज खड्का - संयोजक

२, श्री टंक प्रसाद राई - सदस्य

३, श्री नेत्र रेग्मी - सदस्य

४, श्री नारायण कटुवाल - सदस्य

५, श्री देवी चापागाईं - सदस्य

६, श्री उषा कार्की - सदस्य

७, श्री चेतना मिश्र - सदस्य

८, श्री महेश थपलिया - सदस्य

९, श्री माधव थापा - सदस्य

१०, श्री खड्ग बहादुर राई - सदस्य

११, श्री वद्री घिमिरे - सदस्य

**निर्णय नं. ७**

खाँदवारी नगरपालिका वडा नं ४ वस्ने वाल कुमार विश्वकर्मालाई वर्षाका कारण निजको घर पहिरोमा परि क्षती भएको हुँदा प्रकोप व्यवस्थापन कोषबाट खर्च हुनेगरी रु २०,००० (विस हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ८**

खाँदवारी नगरपालिका वडा नं ५ स्थित श्री सरस्वती मा वि माल्टामा निर्माणधिन सरस्वतीको मन्दिर का लागि आवश्यक तथा माग भई आए अनुसार मर्मत कोष बाट खर्च हुने गरी रु १,००,००० (एक लाख) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ९**

खाँदवारी नगरपालिका वडा नं ४ स्थित श्री भाङखर्क टो वि स को आयोजनामा शिशु कल्याण आधारभुत विद्यालय धन्चेढुंगाको खेलमैदानमा तमु ल्होसारको उपलक्षमा संचालन हुने खुल्ला भलिवल प्रतियोगिताको लागि चालु अन्य संघ संस्थालाइ दिइने अनुदान शिर्शकबाट खर्च हुने गरी प्रथम पुरस्कार र नेट का लागि एकमुष्ठ रु १५,००० (पन्ध्र हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १०**

खाँदवारी नगरपालिका वडा नं ५ स्थित श्री कालिका आधारभुत प्रस्तावित वाल कक्षा विद्यालय भवन मर्मतका लागि मर्मत कोष बाट खर्च हुने गरी रु १,००,०००/ (एक लाख ) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ११**

खाँदवारी नगरपालिका वडा नं ११ स्थित श्री जनजागरण समाज सेवा क्लव कोक्तिमाको आयोजनामा संचालन हुने टोल स्तरिय पुरुष भलिवल प्रतियोगिताको लागि चालु खर्च अन्य संघ संस्थालाइ दिइने अनुदान शिर्शकबाट खर्च हुने गरी प्रथम पुरस्कारका लागि एकमुष्ठ रु १३,००० ( तेह्र हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. १२**

खाँदवारी नगरपालिका वडा नं ९ स्थित श्री तुम्लींटार ब्याडमिन्टन क्लवको आयोजनामा संचालन हुने तेस्रो खुल्ला पूरुष डबल ब्याडमिन्टन प्रतियोगिताको लागि चालु अन्य संघ संस्थालाइ दिइने अनुदान शिर्शकबाट खर्च हुने गरी तस्रो पुरस्कारका लागि एकमुष्ठ रु १०,००० ( दश हजार) उपलव्ध गराउने निर्णय गरियो ।

**निर्णय नं १३**

खाँदवारी नगरपालिका वडा न ३ स्थित अरुण उपत्यका सामुदायीक विकास क्वल मानेभन्ज्याङ ले खाँदवारी नगरपालिका भित्र रमाइलो मेला सन्चालनको लागी मिति २०७४/०८/०२ गते एक महिना सम्मको लागी अनुमति पाउ भनि दिइएको निवेदन उपर व्यापक छलफल हुँदा खाँदवारी नगरपालिकाको प्रथम नगरसभाले पास गरेको आर्थीक ऐन तथा राजश्वको दर रेटका आधारमा कर असुल गर्ने गरि जिल्ला प्रशासन कार्यालय खाँदवारी संखुवासभा वाट प्राप्त हुने इजाजतका आधारमा मेला लागाउन स्वीकृति दिने निर्णय गरियो ।